धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३९ ◆ २०८३ असार ११ गते बिहीबार, Thursday, June 25, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## गुटउपगुट अन्त्य भयोः शाह

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता एवं प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार असिम शाहले पार्टीमा कुनै गुटउपगुट नभएको बताउनुभएको छ । रास्वपाको महाधिवेशनस्थलमा बुधबार पत्रकारसँग कुराकानी गर्दै उहाँले पार्टीमा कुनै गुट उपगुट छैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "सभापति रवि लामिछानेको प्रस्तावक नै वरिष्ठ नेता बालेन्द्र शाह बसेपछि गुटको चर्चा अन्त्य भएको छ ।" उहाँले सभापतिको प्रस्तावक स्वयं प्रधानमन्त्री भएपछि यो गुट, उपगुट भन्ने कुरा यही सकिएको बताउनुभयो । उहाँले थप्नुभयो, "पार्टीमा कुनै गुट छैन, कुनै समूह छैन ।" संविधान संशोधन कार्यदलको संयोजक रहनुभएका साहले संविधान संशोधन राष्ट्रिय सहमति अनुसार नै हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "दलको आ-आफ्नो धारणा हुन्छ । बहसपत्र तयार गरिसकेपछि हामी त्यसमा अगाडि बढ्छौं । सय दिनभित्रमा हामीले संविधान संशोधन बहस पत्र तयार गर्छौं ।"

## अशक्तलाई घरमै नागरिकता

काभ्रेपलाञ्चोक । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले अशक्त एवं अपाङ्गता भएका व्यक्तिलाई घरमै नागरिकता उपलब्ध गराउन थालेको छ ।

यस क्रममा जन्मजात पूर्णरूपमा अपाङ्गता भएकी पाँचखाल नगरपालिका-४ की बिनिता बोलखेलाई सोमबार घरमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र दिइएको छ ।

शारीरिक अवस्थाका कारण जिल्ला प्रशासन कार्यालयसम्म पुग्न असहज हुने भएकाले प्रशासनले विशेष व्यवस्था गर्दै घरमै सेवा उपलब्ध गराएको प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले बताउनुभयो । उहाँलगायतको टोलीले आवश्यक प्रक्रिया पुर्‍याई बिनितालाई नागरिकताको प्रमाणपत्र हस्तान्तरण गरेको हो ।

नागरिकता प्राप्त गरेपछि बिनिताको परिवार खुसी भएको छ । बिनिताका बुबा विष्णुप्रसादले नागरिकता प्राप्त गर्न सहज वातावरण बनाइदिएकामा सबैलाई धन्यवाद दिनुभयो । "अपाङ्गता भएका व्यक्तिलाई सरकारी सेवा प्राप्त गर्न विभिन्न कठिनाइ हुन्थ्यो, यो प्रशंसनीय छ", उहाँले भन्नुभयो ।

यसअघि प्रशासनलको टोलीले रोगले ग्रसित पाँचखाल-२ की सुनिता वाइबालाई घरमै नागरिकता प्रदान गरेको थियो । क्यान्सर रोगका कारण घरबाहिर निस्कन नसक्ने अवस्थामा रहनुभएकी उहाँलाई निवासमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराइएको हो ।

प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीले कार्यालयले आवश्यकताको आधारमा नागरिकमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजाने बताउनुभयो । उहाँले उमेर पुगेका अशक्त एवं अपाङ्गता भएका व्यक्तिका परिवारलाई कार्यालयमा सम्पर्क गर्न सार्वजनिक अपील समेत गर्नुभएको छ ।




## प्रभावकारी सेवा प्रवाहका लागि सरकारको नयाँ ढाँचा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । सरकारले मन्त्रीहरूको कार्यसम्पादनलाई प्रभावकारी, परिणाममुखी र विषयगत रूपमा सुदृढ बनाउन स्वकीय सचिवालय तथा सल्लाहकार समूहको संरचना व्यवस्थित गरेको छ ।

मन्त्रिपरिषद्को गत वैशाख २ गतेको निर्णयअनुसार मन्त्रालयको कार्यक्षेत्र र कार्यबोझका आधारमा सीमित सङ्ख्यामा सल्लाहकार तथा आवश्यक कर्मचारी रहने व्यवस्था गरिएको हो । निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयले नेपाल सरकारका विशिष्ट श्रेणीसरहका एक वैतनिकसहित बढीमा पाँच जनासम्म सल्लाहकार नियुक्त गर्न सक्नेछन् ।

अन्य मन्त्रालयले भने एक वैतनिकसहित बढीमा तीन जनासम्म सल्लाहकार राख्न सक्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार विकास निर्माण, पूर्वाधार विस्तार तथा बहुआयामिक समन्वय आवश्यक पर्ने मन्त्रालयमा विषयगत विज्ञता उपयोग गर्न सकियोस भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो । ती मन्त्रालयमा नियुक्त हुन सक्ने पाँच जनामध्ये एक जना मात्र वैतनिक हुने र बाँकी सल्लाहकार अवैतनिक रहने जसका कारण अतिरिक्त आर्थिक भार नपर्ने उहाँले बताउनुभयो ।

"सरकारको उद्देश्य राज्यको आर्थिक दायित्व बढाउने होइन, जटिल प्रकृतिका मन्त्रालयलाई आवश्यक विशेषज्ञता उपलब्ध गराएर कामको गति र गुणस्तर बढाउनु हो", दाहालले भन्नुभयो, "अतिरिक्त वित्तीय भार न्यून राख्दै सक्षम र प्रभावकारी टिममार्फत परिणाममुखी काम गर्ने सोचअनुसार व्यवस्था गरिएको हो ।"

मन्त्री तथा राज्यमन्त्रीको स्वकीय सचिवालयमा एक प्रमुख स्वकीय सचिव, एक स्वकीय सचिव, एक समन्वय, कार्यान्वयन तथा अनुगमन अधिकृत र एक सञ्चार तथा जनसम्पर्क सहायक रहने व्यवस्था छ । स्वकीय सचिवालयमा एक सहायकस्तर, दुई हलुका सवारी चालक र दुई कार्यालय सहयोगी पनि रहने सक्ने व्यवस्था गरिएको छ । यसअनुसार प्रमुख स्वकीय सचिव राजपत्राङ्कित द्वितीय श्रेणीसरह, स्वकीय सचिव तथा समन्वय, कार्यान्वयन र अनुगमन अधिकृत राजपत्राङ्कित तृतीय श्रेणीसरह रहनेछन् । सञ्चार तथा जनसम्पर्क सहायक र सहायकस्तरका कर्मचारी राजपत्राङ्कित प्रथम श्रेणीसरह रहने व्यवस्था छ ।

उक्त व्यवस्थाले मन्त्रालयहरूको नीति निर्माण, कार्यक्रम कार्यान्वयन, अन्तर निकाय समन्वय, सार्वजनिक सञ्चार तथा अनुगमनलाई थप व्यवस्थित बनाउने अपेक्षा गरिएको प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धान विज्ञ दाहालकाको भनाइ छ ।

विशेषगरी विकास निर्माणसँग सम्बन्धित मन्त्रालयमा विषयगत विज्ञहरूको सहयोगबाट निर्णय प्रक्रिया र कार्यसम्पादन लाई थप प्रभावकारी बनाउने लक्ष्य राखिएको जनाइएको छ ।

यसअघि अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको कार्यकालमा मन्त्रीको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्त गर्न सकिने व्यवस्था गरिएको थियो ।

## वीरगञ्ज महानगरद्वारा चार अर्ब ४२ करोडभन्दा बढीको बजेट सार्वजनिक

❑ *प्रत्यूष समाचारदाता*

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि रु चार अर्ब बराबरको बजेट सार्वजनिक गरेको छ ।

बुधबार आयोजित नगरसभाको २०औं अधिवेशनमा महानगरका कार्यवाहक प्रमुख इम्तियाज आलम तर्फबाट नगर कार्यपालिका सदस्य जगत साहले रु चार अर्ब ४२ करोड ३४ लाख ६९ हजारको अनुमानित बजेट सार्वजनिक गर्नुभयो ।

प्रस्तुत बजेटअनुसार पुँजीगत खर्चतर्फ रु एक अर्ब ९६ करोड ९९ लाख ८४ हजार अर्थात् ४४.६ प्रतिशत तथा वित्तीय व्यवस्थापनतर्फ रु पाँच करोड अर्थात् १.१ प्रतिशत बजेट छुट्याइएको छ । त्यसैगरी चालु खर्चतर्फ रु दुई अर्ब ४० करोड ३४ लाख ६९ हजार अर्थात् कूल बजेटको ५४.३ प्रतिशत विनियोजन गरिएको छ । सङ्घीय अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु एक अर्ब ९८ करोड २९ लाख, आन्तरिक राजस्वबाट रु एक अर्ब ४८ करोड, सङ्घीय राजस्व बाँडफाँटबाट रु २४ करोड ६८ लाख ८३ हजार रूपैयाँ छ । प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु पाँच करोड २८ हजार तथा प्रदेश राजस्व बाँडफाँटबाट रु एक करोड ६७ लाख १४ हजार प्राप्त हुने अनुमान गरिएको छ । त्यसअघि नगरसभामा कार्यवाहक प्रमुख आलमले आगामी आर्थिक वर्षका लागि महानगरको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी घरजग्गा रजिष्ट्रेसन शुल्कबाट रु ४५ करोड, गत वर्षको नगद मौज्दातबाट रु चार करोड ६९ लाख ४४ हजार तथा नगर विकास कोषबाट १५ करोड रूपैयाँ व्यवस्थापन गरिने बजेटमा उल्लेख गरिएको छ । आलमकै अध्यक्षतामा सम्पन्न नगरसभाको २०औं अधिवेशनमा प्रमुख प्रशासकीय अधिकृत वसन्तबहादुर बोहरा, नगर कार्यपालिका सदस्य, महानगरका ३२ वटै वडाका वडाध्यक्ष तथा वडा सदस्य, कर्मचारीलगायतको सहभागिता रहेको थियो । आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, आर्थिक विकास, सामाजिक विकास र सुशासनमा जोड दिइएको छ ।

## मधेस प्रदेशमा आँपको उत्पादन घट्यो

जनकपुरधाम । मधेस प्रदेशमा आँपखेती गर्ने जमिनको क्षेत्रफल बढे पनि उत्पादन घटेको छ ।

यस वर्ष हावाहुरी र रोग-कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषि विज्ञ दिनेश यादवले बताउनुभयो । किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैँचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि उत्पादनमा हावाहुरीले क्षति पुर्‍याएपछि किसान भने चिन्तित छन् ।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ । उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत नौ दशमलव चार मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको बागवानी अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो । अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिक टन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो ।

तुलनात्मक रुपमा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टर ले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ ।

निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिक टन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ । जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ ।

त्यसैगरी, सर्लाहीमा दुई हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा तीन हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा तीन हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा एक हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट पाँच हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ ।

मधेस प्रदेशमा मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादन हुन्छ । यहाँ उत्पादन भएका आँप प्रदेशभित्रका जिल्लाको साथै काठमाडौं उपत्यका र देशका अन्य प्रमुख बजारमा निर्यात हुँदै आएको छ । आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

## सम्पादकीय ....

### सन्दर्भ प्रदेश सरकारको

पछिल्लो समय प्रदेश सरकार छिटो छिटो परिवर्तन हुने र त्यसले खर्च पनि बढ्न थालेपछि नागरिकमा सङ्घीयता भनेको खर्चिलो र धान्नै नसक्ने व्यवस्था रहेछ भनेर नकारात्मक टिप्पणी हुन थालेको छ। हुन पनि अहिलेको मन्त्रीपरिषद्को आकार प्रदेशको स्रोतले धान्नै नसक्ने देखिन्छ ।

प्रदेश सरकारमा मौलाएको यो हदको मनपरी समयमै नरोक्ने हो भने यसले सङ्घीयता महँगो भयो भन्ने पक्षमै बल पुग्छ। राजनीतिक भागबन्डाका लागि संविधानको छिद्रमा टेकेर जम्बो मन्त्रीपरिषद् बनाउने काम सङ्घीयताका लागि भद्दा मजाक भएकाले दलका नेताले यसलाई गम्भीर रूपमा लिनु पर्छ।

प्रदेश सरकारका नाममा व्याप्त यो हदको मनपरीबाट नागरिकले खोजेको सुशासन, समृद्धि र विकास हुनै सक्दैन ।

यही यथार्थलाई ध्यानमा राखेर विभिन्न समयमा गठन गरिएका समितिले पनि सरकारलाई प्रदेश मन्त्रीपरिषद्को सङ्ख्या कटौती गर्न सुझाव दिएको भए पनि कार्यान्वयन हुन सकेको छैन ।

२०७३ सालमा सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचना सम्बन्धमा तत्कालीन मुख्य सचिव सोमलाल सुवेदीको नेतृत्वमा गठन गरिएको अध्ययन समितिले प्रदेशमा सात वटा मन्त्रालयको सिफारिस गरेको थियो । २०७४ को निर्वाचनअघि संसद्को राज्यव्यवस्था समितिले सङ्घ तथा प्रदेशमा रहने मन्त्रालयको सङ्ख्याबारे अध्ययन गर्न प्रशासन तथा कानुनका जानकार काशीराज दाहालको अध्यक्षतामा गठन गरिएको अधिकारसम्पन्न सङ्घीय प्रशासनिक पुनर्संरचना कार्यान्वयन समितिले सङ्घमा १५ र प्रदेशमा पाँचदेखि सात वटा मन्त्रालय राख्न सिफारिस गरेको थियो । अर्कातिर २०७५ मा अर्थविद् डा. डिल्लीराज खनाल नेतृत्वको सार्वजनिक खर्च पुनरवलोकन आयोगले पनि प्रदेशमा मन्त्रालयको सङ्ख्या बढीमा सात राख्न सुझाव दिएको थियो ।

हुन त २०७४ को पहिलो प्रदेश सभा निर्वाचनपछि गठन भएका सबै प्रदेश सरकारमा सात वटा मन्त्रालय मात्र थियो । २०७७ मा तत्कालीन सत्तारूढ नेकपामा आएको विभाजनले केन्द्रदेखि प्रदेशसम्मको सत्ता समीकरण बदलिन पुग्यो । जुन विभाजनले अन्य दलसँग गठबन्धन गर्नुपर्ने भएपछि प्रदेशमा भागबन्डाका लागि मन्त्रालय फुटाउने क्रम सुरु भएको हो ।

सङ्घीयताविद् तथा राष्ट्रिय सभाका पूर्वसदस्य खिमलाल देवकोटाको बुझाइमा प्रदेश सरकार मन्त्रालय उत्पादनको कारखाना जस्तो भएका छन् ।

हुन पनि गठबन्धनका नाममा जथाभावी मन्त्रालय फुटाएर मन्त्री नियुक्त गरेकै कारण प्रदेशप्रति नागरिकमा आक्रोश बढेको हो ।

नागरिकमा व्याप्त निराशा चिर्न जिम्मेवार दल र तिनका नेताले प्रदेश सरकारलाई बलियो बनाउनुको विकल्प छैन ।

त्यसको पहिलो कदम भनेको विभिन्न समितिले दिएको सुझाव अनुसार मन्त्रीपरिषद्को आकार सातमा सीमित गर्नु नै हो ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **“प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## चिमखोलाको पहिचान र म्याग्दीको गौरव थाली नाच

*कमल खत्री*

दुवै हातका पञ्जामा चम्किला थाली । गीतको लयसँगै शरीर छमछमी नाचिरहेको छ । थाल एकछिन पनि नखस्ने गरी निरन्तर घुमिरहेछन् । उमेरले सात दशक पार गरिसकेकी हिरामाया पुन श्रीषलाई यसरी थाली घुमाउँदै नाचिरहेको देख्दा दर्शक अझै पनि मन्त्रमुग्ध बन्छन् । अहिले धेरै कलाकारको रुचि र दर्शकको आकर्षण बन्ने गरेको थाली नाचको त्यो यात्रा उनै हिरामायाले पँधेरोमा थाली खेलाउने रहरबाट सुरु भएको थियो ।

रघुगङ्गा गाउँपालिका-७ चिमखोलाकी हिरामायाले किशोरी उमेरमा पँधेरोमा थाल धोएर घर फर्किने क्रममा हातमा थाल घुमाउने गर्नुहुन्थ्यो । सुरुमा रमाइलो र खेलकै रूपमा थालेको त्यो अभ्यास विस्तारै एउटा अनौठो कला बन्यो । पछि गाउँका अग्रजहरूले उहाँलाई लोकभाकाको गीतमा थाल घुमाउँदै नाच्न लगाए । त्यही अभ्यासले जन्म दियो आज चिमखोलाको पहिचान र म्याग्दीको गौरव बनेको थाली नाचलाई ।

“धारामा थाल धोएर घर फर्किने क्रममा थाल हातमै घुमाउँदै हिँड्थें, सुरुमा एउटा हातमा मात्रै थाल नचाउँथें, तर निरन्तर अभ्यासले दुवै हातमा एकैसाथ थाल घुमाउन सिकें,” उहाँले भन्नुभयो, “त्यसलाई देखेर गाउँका अग्रजहरूले गीतको भाकामा थाल नचाउन लगाए, नाचप्रति रुचि भएकाले मैले नृत्यसँगै थाललाई पनि लयबद्ध रूपमा नचाउन थालेकी हुँ ।”

गीत, लय र नृत्यसँगै दुवै हातमा थाल सन्तुलनमा राखेर घुमाउनुपर्ने भएकाले थाली नाच अन्य लोकनृत्यभन्दा फरक र आकर्षक मानिन्छ । चिमखोलाको एउटा गाउँबाट सुरु भएको यो कला आज जिल्लाकै सांस्कृतिक चिनारीका रूपमा स्थापित भइसकेको छ। राष्ट्रिय मञ्चदेखि अन्तर्राष्ट्रिय कार्यक्रममा समेत थाली नाचले आफ्नो अलग पहिचान बनाएको छ ।

यसको उत्पत्ति, संरक्षण, पुस्तान्तरण र विश्वव्यापी विस्तारको कथा केवल एउटा नृत्यको कथा होइन, समुदायको सांस्कृतिक पहिचान जोगाउने सङ्घर्ष र समर्पणको कथा पनि हो ।

विसं २००८ मा चिमखोलाको जस्लाङमा जन्मिएकी हिरामायाका अनुसार त्यो समय महिलाहरूलाई सार्वजनिक रूपमा नाचगानमा सहभागी हुन परिवारको सहज स्वीकृति हुँदैनथ्यो । बुबाआमा घरमा नभएको बेला उहाँले थाली नचाउने अभ्यास गर्नुहुन्थ्यो । पछि हरेलो, दशैं, तिहार, भूमे पूजा तथा विभिन्न मेला-पर्वहरूमा उहाँले थाली नाच प्रस्तुत गर्न थाल्नुभएको हो र यही कला विस्तारै गाउँको पहिचान बन्दै गयो ।

सुरुआती समयमा कलाकारहरूले ‘चरेसको थाल’ भनेर चिनिने परम्परागत थाल नचाउने गर्थे । चरेसको थाल गह्रौं हुने भएकाले सन्तुलन मिलाउन सजिलो हुन्थ्यो । समयक्रमसँगै त्यसको स्थान अहिले स्टिलका थालहरूले लिएका छन् । थालको स्वरूप परिवर्तन भए पनि यसले बोकेको सांस्कृतिक महत्व उस्तै रहेको छ ।

#### हिरामायाको ऐतिहासिक यात्रा

करिब छ दशकअघि सुरु भएको अनौठो थाली नाचको जीवित इतिहासका रूपमा हिरामाया पुन श्रीष परिचित हुनुहुन्छ । पुनले २०३० सालको दशकसम्म तत्कालीन समयमा गाउँ, जिल्ला, अञ्चल, क्षेत्र हुँदै राष्ट्रियस्तरसम्म पुगेर थाली नाच देखाउनुभएको थियो । विसं २०२२ मा तत्कालीन मुस्ताङ जिल्लाको अस्थायी सदरमुकाम दानामा आयोजित सांस्कृतिक कार्यक्रममा पुनले १४ वर्षको उमेरमा नै थाली नाच प्रस्तुत गर्नुभएको थियो । त्यसबेला एउटी सानी बालिकाले हातमा थाल घुमाउँदै नाचेको देख्दा धेरैले आश्चर्य मानेका थिए ।

विसं २०२५ मा राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा काठमाडौंमा पहिलोपटक पुनले राष्ट्रियस्तरमा थाली नाच देखाउनुभएको थियो । “चिमखोला त्यो समयमा तत्कालीन मुस्ताङ जिल्लामा समेटिएको थियो, लोकनृत्यको लागि धौलागिरी अञ्चलबाट प्रतिनिधित्व गर्दै मैले थाली नाच देखाएँ, धेरैले मेरो नाचलाई अनौठो मानेका थिए, दुवै हातमा थाल नचाउँदै नाच्ने भएकाले मलाई चिनियाँ केटी भनेर पुरस्कार दिन अस्वीकार गरियो”, पुनले भन्नुभयो । विभिन्न जिल्ला र अञ्चलबाट लोकनृत्यहरू लिएर समूहहरू आए पनि उहाँले थाली नाचमा देखाएको कौशल धेरैका लागि नयाँ विषय थियो । विसं २०३० मा तत्कालीन बडामहारानीको जन्मोत्सवमा काठमाडौँको महिला प्रशिक्षण केन्द्रमा भएको लोकनृत्य प्रतियोगितामा पुनले थाली नाच प्रस्तुत गरी तेस्रो भएर पदक र प्रमाणपत्रसहित पुरस्कृत हुनुभएको थियो । यो पुरस्कारले उहाँलाई मात्र होइन, सिङ्गो म्याग्दी र चिमखोलालाई नै राष्ट्रियस्तरमा चिनाउने ढोका खोलिदियो । हिरामायाको यो साधनाले नै आज थाली नाचलाई यो उचाइमा पुऱ्याएको हो ।

#### समूहमा थाली नाचको रूपान्तरण

हिरामायाले एकल रूपमा देखाउने गरेको थाली नाचलाई समूहमा नचाउने र राष्ट्रियस्तरमा स्थापित गराउने काममा चिमखोलाकै अग्रज कलाकार धनकुमारी थापाले नेतृत्व गर्नुभयो । पुनको एकल कलाबाट प्रभावित बनेर थापाले पनि थाली नाच सिक्नुभएको थियो । “चाडपर्वको बेला हिरामायाले दुवै हातमा थाल राखेर नाचेको देखेपछि हामीले ताली बजाएर हेर्थ्यौं, उहाँको नाच हेर्दाहेर्दै मैले पनि हातमा थाल राखेर नाच्न जान्ने भएकी हुँ”, थापाले भन्नुभयो ।

गाउँमा केही समय थाली नाच हराएर जाने अवस्थामा पुगेपछि थापाकै अग्रसरतामा सामूहिक रूपमा नाच सिकाउन सुरु गरियो । विसं २०३५ मा बेनीमा भएको लोकनृत्य प्रतियोगितामा थापाकै नेतृत्वमा चिमखोलाबाट आएको समूहले पहिलोपटक सामूहिक थाली नाच प्रदर्शन गऱ्यो । विसं २०४२ मा वीरगन्जमा भएको तेस्रो राष्ट्रिय लोकनृत्य प्रतियोगितामा धौलागिरि अञ्चलको प्रतिनिधित्व गर्दै थापाको नेतृत्वमा गएको समूह प्रथम हुन सफल भयो ।

विसं २०५३ मा तत्कालीन राजा वीरेन्द्र शाहको पश्चिमाञ्चल भ्रमणका क्रममा समेत पोखरामा म्याग्दीबाट थाली नाच झिकाएर नृत्य देखाइएको थियो । “म आफैंले गीतको रचना गरी थाली नाचलाई राष्ट्रियस्तरमा परिचित गराउने अभियानमा लामो समय काम गरेकी हुँ, २०६२ सालमा राधा पुनको स्वरमा गीतको रेकर्ड पनि गऱ्यौं,’ थापाले भन्नुभयो । लामो समयसम्म काठमाडौँलगायतका क्षेत्रमा जमुना गर्बुजाले समेत थाली नाचलाई चिनाउँदै आउनुभएको छ । थापासँग प्रशिक्षण लिएर २०४२ सालदेखि नै गर्बुजाले थाली नाचलाई निरन्तर राष्ट्रियस्तरमा देखाउँदै आउनुभको छ। उहाँले ऐश्वर्य सांस्कृतिक शिल्डलगायतका गोष्ठीहरूमा समेत थाली नाच प्रस्तुत गर्नुभयो ।

#### खोजी हुँदै थाली नाचको इतिहास

चिमखोला गाउँ पञ्चायतका तत्कालीन सचिव समेत रहेका प्रेमबहादुर पुनद्वारा लिखित ‘चिमखोला गाउँको इतिहास र परिचय’ पुस्तकमा भारतीय सेनाबाट अवकाश प्राप्त हवलदार स्थानीय थमन पुनले २०१३ सालमा गाउँमा थाली र खुकुरी नाच देखाएको उल्लेख छ । हिरामायाले भन्नुभयो, “आफूले बाल्यकालमा थालसँग खेल्ने क्रममा यो कला सिकेको हुँ ।”

हवलदार पुनले बिदामा गाउँ आएको समयमा अनौठा नाचहरू देखाउने क्रममा पहिलोपटक गाउँमा थाली नाच देखाएको र पछि हिरामायाले यसलाई व्यापक बनाएको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकबहादुर पाइजाले बताउनुभयो । “थाली नाच चिमखोलाको पहिचान हो, यसले गाउँलाई देश तथा विदेशमा चिनाएको छ,” उहाँले भन्नुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा थाली नाचको उत्पत्ति र उद्गमथलो चिमखोला भएकाले यसलाई सांस्कृतिक सम्पदामा दर्ता अभिलेख गराउने जमर्को गरिएको चिमखोलाका गणेश पुनले बताउनुभयो । उहाँका अनुसार दर्ताका लागि आवश्यक पुराना तस्बिर, भिडियो र अडियोलगायतका तथ्य सामग्रीको सङ्कलन भइरहेको छ । थाली नाचको मुख्य विशेषता भनेको थाललाई सन्तुलनमा राख्दै लयबद्ध रूपमा नृत्य गर्नु हो । यसमा नृत्य गर्नेको कला, एकाग्रता र शारीरिक सन्तुलनको उत्कृष्ट प्रदर्शन देख्न पाइन्छ ।

#### पुस्तान्तरण र प्रदेश सरकारको सहयोग

रघुगङ्गा गाउँपालिका-१ बेगकी टीका पुर्जा पुनको थाली नाच सिक्ने रहर गण्डकी प्रदेश सरकारले पूरा गरिदियो । परम्परागत संस्कृतिमा रुचि राख्ने पुनले दुई वर्षअघि तत्कालीन सामाजिक विकास कार्यालय म्याग्दीको आर्थिक सहयोगमा नेपाल मगर सङ्घले सञ्चालन गरेको प्रशिक्षणमा सहभागी भएर यो कला सिक्नुभएको हो । उहाँले अहिले विभिन्न महोत्सवहरूमा आफ्नो कला देखाउने गर्नुहुन्छ ।

#### प्रवासमा लोकप्रिय बन्दै थाली नाच

चिमखोलाबाट सुरु भएको थाली नाच अहिले विदेशमा रहेका नेपाली समुदायमा समेत लोकप्रिय छ । म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) मार्फत आयोजित कार्यक्रमहरूमा यो नाच अनिवार्य जस्तै बनेको छ । हङकङमा सन् २०१५ मा पहिलोपटक चिमखोलाकी मनु पुनले थाली नाच देखाएकी थिइन् ।

“विदेशमा बस्ने म्याग्देलीहरूले आफ्ना बालबच्चालाई पनि थाली नाचलगायतका मौलिक संस्कृति सिकाउन थालेका छन्,” उहाँले भन्नुभयो । म्याग्देली पुगेका ३० भन्दा बढी मुलुकमा थाली नाच प्रदर्शन हुने गरेको छ । मोना अन्तर्राष्ट्रिय कार्यसमितिका महासचिव सुवास राम्जालीका अनुसार प्रवासमा आयोजना हुने वार्षिकोत्सव र सांस्कृतिक कार्यक्रममा थाली नाच प्राथमिकतामा पर्छ । विदेशी नागरिकहरूले समेत यो नाचलाई चासो दिएर अवलोकन गर्ने गरेका छन् ।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## केपिलासगढीमा बुहारी शिक्षा कार्यक्रम प्रभावकारी

खोटाङ । केपिलासगढी गाउँपालिका-२ खार्तामछाकी एलिना राईले २०७६ सालमा माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गर्नुभयो । कुहुडाँडा माध्यमिक विद्यालय फेदीबाट एसइई उत्तीर्ण गरेको केही समयपछि एलिना सोही ठाउँका दिनेश साम्पाङसँग विवाह बन्धनमा बाँधिनुभयो ।

एलिना र दिनेशका दुई सन्तान (छोरा र छोरी) छन् । विवाहलगत्तै लगातार दुई सन्तानलाई जन्म दिनुभएका एलिना र दिनेशका छोरा कक्षा-३ मा तथा छोरी कक्षा-२ मा पृथ्वी माध्यमिक विद्यालय बाक्सिलामा अध्ययनरत छन् ।

एसइई उत्तीर्ण गरेको चार वर्षपछि छोराछोरीसँगै आफ्नो पढाइलाई निरन्तरता दिनुभएकी एलिनाले यस वर्ष २.८४ जिपिए अङ्क ल्याएर कक्षा-१२ उत्तीर्ण गर्नुभएको छ । विवाह बन्धनमा बाँधिएका कारण बीचैमा पढाइ छाड्नुभएकी एलिनाले पृथ्वी माध्यमिक विद्यालय बाक्सिलाबाट कक्षा-१२ उत्तीर्ण गर्नुभएको हो ।

एलिनासँगै शिक्षा राईले २.७५ जिपिए, देवका राईले २.६२ जिपिए र सुस्मिता राईले २.३३ जिपिएर अङ्क ल्याएर कक्षा-१२ उत्तीर्ण गर्नुभएको पृथ्वी माविका शिक्षक दिनेशकुमार राईले जानकारी दिनुभयो । एलिनासहित चार विवाहित महिलाले केपिलासगढी गाउँपालिकाले सञ्चालन गरेको 'बुहारी शिक्षा' कार्यक्रम अन्तर्गत कक्षा-१२ उत्तीर्ण गर्नुभएको हो ।

केपिलासगढी गाउँपालिका-६ दिप्सुङस्थित रेनुका माध्यमिक विद्यालयबाट एसइई उत्तीर्ण गर्नुभएकी देवकाले वडा नं-७ सुङ्देलमा विवाह गर्नुभएको हो । एक छोरालाई जन्म दिएपछि देवकाले आफ्नो पढाइलाई निरन्तरता दिनुभयो ।

केपिसालगढी गाउँपालिका-३ बाक्सिला स्थायी घर भएकी शिक्षाले पृथ्वी माध्यमिक विद्यालय बाक्सिलाबाटै एसइई उत्तीर्ण गर्नुभएको थियो । शिक्षाले दुई छोरालाई हुर्काउँदै आफ्नो पढाइलाई निरन्तरता दिनुभयो । ऐँसेलुखर्क गाउँपालिका-१ राखाबाङ्देलमा जन्मनुभएकी सुस्मिताले सोही ठाउँको कालिका माविबाट एसइई उत्तीर्ण गर्नुभएको थियो । केपिलासगढी गाउँपालिका-३ बाक्सिलामा विवाह गरेर एक छोरा र एक छोरीलाई जन्म दिएपछि सुस्मिता पुनः विद्यार्थी जीवनमा फर्किनुभएको हो । सात वडा रहेको यो गाउँपालिकामा शैक्षिकसत्र २०७९/८० देखि सुरु भएको उक्त कार्यक्रम छोटो समयमै प्रभावकारी बन्दै गएको पाइएको छ । गाउँपालिकाको आन्तरिक स्रोतबाट सञ्चालन गरिएको बुहारी शिक्षा कार्यक्रम अन्तरगत हालसम्म विभिन्न वडाका १२ विवाहित महिलाले सेवा लिइसकेका गाउँपालिकाका शिक्षा शाखा प्रमुख सुरेन्द्र खनालले जानकारी दिनुभयो । बिहेपछि पनि पढ्न इच्छुक बुहारीले कम्तीमा कक्षा-८ उत्तीर्ण गरेको हुनुपर्ने र त्यस्ता इच्छुक बुहारीलाई कक्षा-१२ सम्म नाम लेखाउन, फर्म भर्न, पुस्तक, पोसाक, स्टेसनरीलगायतमा गाउँ पालिकाले सहयोग उपलब्ध गराउँदै आएको छ ।

गाउँपालिकाले कार्यपालिकाको बैठकमार्फत बुहारीलाई कक्षा-१२ सम्म निःशुल्क अध्ययन गराउने नीति तथा कार्यक्रम कार्या-न्वयनमा ल्याएको प्रमुख खनालले बताउनुभयो । पढ्न मन हुँदाहुँदै वैवाहिक बन्धनमा बाँधिएका बुहारीलाई लक्षित गर्दै गाउँपालिकाले 'बुहारी शिक्षा' कार्यक्रम सञ्चालन गरेको गाउँपालिका प्रमुख समिर राईले बताउनुभयो ।

"घरमा आमा शिक्षित भए परिवार नै शिक्षित हुन्छ । त्यही भएर बुहारीलाई शिक्षित बनाउने, क्षमता अभिवृद्धिमा सहयोग पुर्याउने र आत्मनिर्भर बन्न प्रेरित गर्ने योजना अन्तरगत बुहारी शिक्षा कार्यक्रम ल्याएका हौँ", उहाँले भन्नुभयो, "महिला हरेक हिसाबले आत्मनिर्भर बन्नुपर्छ । तब मात्रै समाज परिवर्तन सम्भव छ । कक्षा-१२ उत्तिर्ण गरेपछि जागिर खोज्लान् वा उच्च शिक्षाका लागि आफैँ अघि बढ्लान् । गाउँपालिकाले निःशुल्क उपलब्ध गराएको सेवा लिएर समाजमा अगुवाइ गर्लान् भन्ने अपेक्षासहित बुहारी शिक्षा कार्यक्रम कार्यान्वयनमा ल्याएको हो ।"

गाउँपालिकामा सामुदायिकतर्फ एक प्रस्तावितसहित आठ माध्यमिक विद्यालय सञ्चालनमा छन् । पढ्न इच्छुक बुहारीले गाउँपालिकाभित्र आफूलाई पायक पर्ने जुनसुकै शैक्षिक संस्थामा गएर अध्ययन गर्न पाउने व्यवस्था मिलाइएको प्रमुख राईले बताउनुभयो । घरायसी कामले विद्यालय जान नसक्ने बुहारीका लागि निःशुल्क अभ्यास कक्षाको व्यवस्थासमेत मिलाइएको छ । पढ्न इच्छुक बुहारीको तथ्याङ्क र आवेदन सङ्कलनका लागि गाउँपालिकाको शिक्षा शाखा र महिला तथा बालबालिका शाखालाई जिम्मेवारी दिइएको छ ।

## देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ

काठमाडौँ । देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ भएको छ । कृषि विभागले देशभर करिब १० प्रतिशत धान रोपाइँ भएको जनाएको हो । गत वर्षको तुलनामा रोपाइँ ०.४ प्रतिशतले बढेको छ ।

मुलुकभर करिब १३ लाख ८१ हजार हेक्टर जमिनमा रोपाइँ हुने गर्दछ । यही असार ८ गतेसम्म सबैभन्दा बढी कर्णाली प्रदेशमा २२.८ प्रतिशत र बागमती प्रदेशमा २.३ प्रतिशत रोपाइँ भएको छ ।

मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ । धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ ।

विभागका महानिर्देशक प्रकाश कुमार संजेलका अनुसार मनसुन अलि ढिला सक्रिय भएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन ।

मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ ।

कृषि सूचना केन्द्रले कृषि उत्पादन बढाउन पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि प्रयोग, मनसुनका अवस्था सम्बन्धी जानकारी दिँदै आएको छ ।

## विद्यालयमा स्थानीय दिवा खानाको मात्रा बढाउन साझेदारी घोषणा

काठमाडौँ । संयुक्त राष्ट्रसङ्घको विश्वखाद्य कार्यक्रम, लायन्स क्लब इन्टरनेशनल फाउन्डेसन र वर्ल्ड फुड प्रोग्रामले नेपालका विद्यालय दिवा खानाको मात्रा बढाउन र रणनीतिक साझेदारीको घोषणा गरेका छन् ।

बालबालिकाको पोषण सुधार्न, सिकाइ परिणामलाई टेवा दिन र स्थानीय खाद्य प्रणालीलाई बलियो बनाउन नमुना कार्यक्रमका रूपमा यो घोषणा गरिएको हो । एक मिलियन अमेरिकी डलरको सहयोगमा सञ्चालन हुने यस कार्यक्रमले करिब ७० हजार बालबालिकालाई लाभ दिने अपेक्षा गरिएको छ ।

साथै यसले विद्यालय, साना किसान र सरकारी प्रणालीबीच अन्तरसम्बन्ध विकास गर्ने विश्वखाद्य कार्यक्रमले जनाएको छ ।

घोषणा कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले विद्यालयमै उत्पादित दिवा खानाले विद्यार्थीको उपस्थिति र सिकाइ परिणामहरू सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । यस साझेदारीको निरन्तर कार्यान्वयनले दिगोपनलाई बलियो बनाउने र दिवा खाना कार्यक्रमलाई राष्ट्रिय विकास प्राथमिकतामा योगदान दिइ थप दिगो र स्थानीय रूपमा सञ्चालित प्रणालीमा विकसित हुन मद्दत मिल्ने उहाँको भनाइ थियो ।

विश्वखाद्य कार्यक्रमका देशीय निर्देशक रियाज लोधीले यो साझेदारीले सामुदायिक विद्यालयका लागि ताजा, पौष्टिक र स्थानीय खाना उत्पादन गर्न तत्काल प्रभाव पार्ने बताउनुभयो ।

लायन्स क्लब इन्टरनेशनल फाउन्डेसनका अध्यक्ष फाब्रिसियो ओलिभेरा ले स्थानीय किसान, विद्यालय र समुदायलाई सशक्त बनाउँदै बालबालिकाले पौष्टिक विद्यालय खाना प्राप्त गर्ने बताउनुभयो ।

## ताकम र शिवाङमा सडक कालोपत्र

म्याग्दी । म्याग्दीको धौलागिरि गाउँ पालिका-७ ताकम र शिवाङमा पालिकामै पहिलोपटक सडक कालोपत्र गरिएको छ । पूर्वाधार विकास कार्यालय, म्याग्दीमार्फत सञ्चालित दरबाङ-मुना-ढोरपाटन सडक योजनामार्फत ताकम र शिवाङको बस्तिभित्र कालोपत्र गरेर धुलो र हिलोमुक्त बनाइएको हो । ताकम र शिवाङमा ९०० मिटर दूरीमा प्रिमिक्स प्रविधिको कालोपत्र गरिएको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनियर डिभिजनल इन्जिनियर महेन्द्र बानियाँले बताउनुभयो ।

कालोपत्र भएपछि ताकमवासी उत्साहित भएका छन् । धवलागिरी गाउँपालिकामा यसअघि कालोपत्र सडक थिएन् । चिल्लो सडकको पृष्ठभूमिमा गुर्जा र धौलागिरि हिमाल देखिन्छ । पक्की सडकले गाउँको सौन्दर्यतासँगै पर्यटकीय सम्भावना बढाएको धवलागिरि गाउँ पालिका-७ का वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो । मध्य पहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको बेनी-दरबाङ- धारापानी- ताकम- मुना-जलजला-ढोरपाटन सडक अन्तर्गत धारापानीदेखि भिनडाडा खण्डमा ६ किलोमिटर दूरीमा ढलान, कालोपत्र र ग्राभेल गर्न सञ्चालित आयोजना सम्पन्न हुने चरणमा रहेको पूर्वाधार विकास कार्यालयका प्रमुख बानियाले बताउनुभयो ।

दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित २०८१ जेठमा रामसागर बिके एस केबीएस धौलागिरि जेभीले रु १४ करोड ६१ लाखमा पूर्वाधार विकास कार्यालय म्याग्दीसँग ठेक्का सम्झौता गरेको थियो । यो म्याग्दीको रणनीतिक महत्वको र प्राथमिकता प्राप्त सडक आयोजना हो । गौथली भिरलगायत अप्ठ्यारो ठाउँमा ढलान भएको छ । सडकलाई आठ मिटर फरालिको बनाउने, नाली र पर्खाल निर्माण गरिएको छ । धारापानीमा २०६६ सालमा सडक पुगेको थियो । यसअघि चारदेखि पाँच मिटर फराकिलो थियो । यो सडक धौलागिरि गाउँपालिकाको पाँच वटा वडाका बासिन्दाले प्रयोग गर्ने प्रमुख मार्ग हो । प्रदेश सरकार मार्फत दरबाङ-धारापानी (सात किलोमिटर) र मच्छिम-मुना ( चार किलोमिटर) अक्सफाल्ट प्रविधिको कालोपत्र र ढलान गर्न रु ५८ करोड ८० लाख ५३ हजारमा ठेक्का सम्झौता भएको थियो । योजनाको ठेक्का अवधि २७ महिनाको रहेको छ । म्याग्दीको मङ्गला मालिका, धवलागिरि गाउँ पालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वी रुकुमका बासिन्दालाई पोखरा-काठमाडौँ जावतजावत गर्न ५० किलोमिटर छोटो पर्ने भएकाले यसलाई रणनीतिक महत्वको मानिएको छ । धौलागिरिको केन्द्र मुनादेखि खोरीया, मरेनी, ढोरपाटनको जलजला हुँदै पूर्वी रुकुमको तकसेरा गत वर्ष सडकले जोडिएको हो ।

## बाहुनडाँगी क्षेत्रका बासिन्दाद्वारा जीवन रक्षाको माग

झापा । जङ्गली हात्तीको दिनहुँ आक्रमणबाट प्रभावित मेचीनगर नगरपालिकाको वडा नं १, २, ३ र ४ स्थित बाहुनडाँगी क्षेत्रका बासिन्दाले जीवन रक्षाको माग गरेका छन् ।

प्रधानमन्त्री बालेन्द्र शाहलाई सम्बोधन गरिएको सामूहिक हस्ताक्षरसहितको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई हस्तान्तरण गरिएको हो । उक्त ज्ञापनपत्रमा चार वटा वडाका १२ हजार बासिन्दाको हस्ताक्षर सङ्कलन गरिएको छ ।

ज्ञापन पत्रमा भारतबाट दिनहुँ भित्रिने जङ्गली हात्तीको प्रवेशलाई बिनाशर्त रोक्नुपर्ने, मानव बस्तीमा प्रवेश गर्ने जङ्गली हात्तीलाई उसको बासस्थानतर्फ फर्काउन र बरको गोली प्रयोग गरिने पर्ने, मेची किनार देखि कोशी टप्पुसम्मको प्रस्तावित हात्ती करिडर परियोजना खारेज गरिनुपर्ने र हात्तीको आतङ्कलाई जोडेर पर्यटन प्रवर्द्धनको कुनै पनि गतिविधि बन्द गरिनुपर्ने माग गरिएको छ ।

मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण मञ्चका अध्यक्ष हरिप्रसाद उप्रेतीले हात्तीको आक्रमणबाट जनधनको क्षति बढ्दै गएपछि नियन्त्रणका लागि प्रधानमन्त्रीको ध्यानाकृष्ट गराउन ज्ञापनपत्र बुझाइएको बताउनुभयो । साविक बाहुनडाँगी गाउँ विकास समितिका अध्यक्ष नीलकण्ठ तिवारी भारतबाट दिनहुँ निर्बाध प्रवेश गर्ने जङ्गली हात्तीको बथानलाई सीमाबाटै फर्काउने उपाय नखोजेसम्म मानवीय र बालीको क्षति नरोकिने बताउनुहुन्छ ।

प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले स्थानीयवासीले बुझाएको माग पत्र प्रधानमन्त्री कार्यालयमा पठाउने प्रतिबद्धता व्यक्त गर्दै जनधनको सुरक्षा र हात्ती नियन्त्रणका लागि सरकारको तर्फबाट प्रयास भइरहेको बताउनुभयो ।

सीमा पार गरेर बाहुनडाँगी क्षेत्रमा एक महिनादेखि दिनहुँ ठूलो बथानमा जङ्गली हात्तीहरू भारतबाट नेपाल आउने गरेका छन् । एक साता अघि मेचीनगर-४ मा आँगनमा फूल टिपिरहेको अवस्थामा जङ्गली हात्तीले आक्रमण गर्दा ६२ वर्षीया पद्मा पौडेलको मृत्यु भएको थियो । बाहुनडाँगी क्षेत्रमा एक सातामा सयौं बिघा क्षेत्रफलमा लगाइएको सुपारी, मकै, चियालगायतका बाली हात्तीले नष्ट गर्दा किसानहरू आक्रोशित छन् ।

## ललितपुरमा ४३ राहदानी घरमै वितरण

ललितपुर । जिल्ला प्रशासन कार्यालय ललितपुरले सेवा सञ्चालन भएको एक महिनामा ४३ सेवाग्राहीलाई राहदानी घरमै वितरण गरेको छ ।

जिल्ला प्रशासन कार्यालय ललितपुरले सेवा सञ्चालन भएको एक महिनामा ४३ सेवाग्राहीलाई राहदानी घरमै वितरण गरेको छ ।नेपाल सरकारले हुलाकमार्फत सरकारी कागजात सेवाग्राहीको घरमै पुऱ्याउने व्यवस्था लागू गरेपछि गत वैशाख २२ गतेदेखि ललितपुरमा उक्त सेवा सुरु गरिएको हो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार हालसम्म ६४ सेवाग्राहीले घरमै राहदानी बुझ्ने विकल्पसहित आवेदन दिएकामध्ये ४३ जनाले राहदानी प्राप्त गरिसकेका छन् भने बाँकी राहदानी निर्माण प्रक्रियामा छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलका अनुसार कार्यालयबाट मासिक करिब एक हजार १०० राहदानी जारी हुने गरेका छन् ।

घरमै राहदानी प्राप्त गर्ने सेवाप्रति सेवाग्राहीको आकर्षण क्रमशः बढ्दै गएको बताउनुभयो । उहाँका अनुसार ललितपुरका केही स्थानीय तह भौगोलिक रूपमा दुर्गम भएकाले घरमै सेवा उपलब्ध हुँदा सेवाग्राहीलाई सहज भएको छ । यद्यपि धेरै सेवाग्राहीले छिटो र सहज रूपमा राहदानी प्राप्त गर्न कार्यालयमै उपस्थित भएर बुझ्ने गरेका छन् ।

जिल्ला हुलाक कार्यालय ललितपुरले राहदानी घरमै प्राप्त गरेपछि सेवाग्राहीले सकारात्मक प्रतिक्रिया दिएको जनाएको छ । कार्यालयका अनुसार हालसम्म गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका र बागमती गाउँपालिकासम्म राहदानी वितरण गरिएको छ । जिल्ला हुलाक कार्यालयकी प्रमुख रमा पन्तले घरमै राहदानी सेवा लिने सेवाग्राहीको सङ्ख्या बढ्दै गएको बताउनुभयो । उहाँका अनुसार ललितपुर महानगरपालिका र गोदावरी नगरपालिकाका सेवाग्राहीले यो सेवा बढी उपयोग गरेका छन् भने दुर्गम गाउँपालिकाबाट सेवाग्राहीको सहभागिता अपेक्षाअनुसार कम रहेको छ ।

स्रोतसाधनको सीमितताका कारण कहिलेकाहीँ सेवामा केही ढिलाइ हुन सक्ने भए पनि सेवा भरपर्दो रहेको उहाँले बताउनुभयो ।

सरकारी तथा बैंकिङसम्बन्धी कागजात आदान-प्रदानमा हुलाक सेवाको प्रयोग अझै उल्लेख्य रहेको प्रमुख पन्तको भनाइ छ ।

## नयाँ क्रियाशील सदस्यता वितरणलाई प्रभावकारी बनाउँदै कांग्रेस

काठमाडौँ, १० असारः नेपाली कांग्रेसले क्रियाशील सदस्यता वितरण अभियानअन्तर्गत नयाँ क्रियाशील सदस्यता वितरणलाई प्रभावकारी बनाउन ७७ वटै जिल्लाका लागि केन्द्रीय प्रतिनिधि तोकेको छ ।

कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको निर्णयअनुसार पार्टीको १५ औं महाधिवेशनका लागि सञ्चालन गरिएको क्रियाशील सदस्यता वितरण अभियानअन्तर्गत पार्टी कार्यालयले बुधबार जिल्लाका लागि केन्द्रीय प्रतिनिधि तोकेको जनाएको छ । नयाँ क्रियाशील सदस्यता वितरण प्रक्रियामा विशेषगरी ३५ वर्षमुनिका युवाको अधिकतम् प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखिएको छ ।

यसका साथै तोकिएका केन्द्रीय प्रतिनिधिहरूले यही असार २० गतेसम्म सम्बन्धित जिल्लामा उपस्थित भई समन्वय, सहजीकरण तथा जिम्मेवारी निर्वाह गर्नुहुने पार्टी कार्यालयले जनाएको छ ।

## एक विद्यालय, एक नर्स कार्यक्रम १५ सय विद्यालयमा

काठमाडौँ । सरकारले 'एक विद्यालय, एक नर्स' कार्यक्रम देशभरिका एक हजार ५४६ सामुदायिक विद्यालयमा सञ्चालन गरेको छ ।

स्वास्थ्य सेवा विभागका महाशाखाका निर्देशक हीरादेवी निरौलाका अनुसार बालबालिकाको उपचारको व्यवस्था गर्न नर्स राखिएको बताउनुभयो । तीमध्ये ३२७ सङ्घीय सरकार र बाँकी प्रदेश तथा स्थानीय तहको सरकारको समन्वयमा नर्स राखिएको छ । 'विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम' मार्फत 'एक विद्यालय, एक नर्स' कार्यक्रम सञ्चालन गरेर बालबालिकालाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेको उहाँले बताउनुभयो ।

"विद्यालय तहमा बालबालिकाको स्वास्थ्य उपचार गर्न नर्सको दरबन्दी सिर्जना गरेर राख्न थालेका छौँ", निर्देशक निरौलाले भन्नुभयो, "ती नर्सले विद्यालय तहका बालबालिकाको आवश्यकता अनुसार समग्र स्वास्थ्य परीक्षण गर्दछन् ।" नर्सले विद्यार्थीको पोषणको अवस्था, विद्यालय आए/नआएको जानकारी, रक्तअल्पताको परीक्षणलगायत काम गर्छन् । यस्तै रक्तअल्पता कम भएको अवस्थामा आइरन चक्की खान सुझाव दिने गर्दछन् । यसैगरी ती नर्सले विद्यार्थी विद्यालय नआए किन आएन भनेर अभिभावकसँग पनि जानकारी लिने छन् । यस्तै नर्सले आवश्यकताअनुसार विद्यार्थी लाई स्वास्थ्य शिक्षा प्रदान गर्ने छन् ।

सरकारले आव २०७६/७७ मा विद्यालयमा स्वास्थ्य समस्या समाधान गर्न र विद्यार्थीका माध्यमबाट अभिभावकलाई स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले 'एक विद्यालय एक नर्स' कार्यक्रम बागमती प्रदेशबाट पाइटल कार्यक्रको रूपमा सुरु सञ्चालन गरेको थियो ।

निर्देशक निरौलाले देशभरिका सबै विद्यालयमा 'एक विद्यालय, एक नर्स' लागू गर्ने भने पनि आगामी वर्ष बजेट विनियोजन नभएकाले थप विद्यालयमा कार्यक्रम लागू गर्न नसकिने बताउनुभयो । 'एक विद्यालय, एक नर्स' कार्यक्रमअन्तर्गत नर्सले विद्यालयका एक छात्रा र छात्रलाई स्वास्थ्य राजदूत बनाएर स्वास्थ्य जनचेतना जगाउने कार्यक्रम पनि सञ्चालन गर्ने गर्दछन् ।

## विराटनगर महानगरपालिकाको बजेट तीन अर्ब ५६ करोड

विराटनगर । विराटनगर महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि कूल रु तीन अर्ब ५६ करोड ४७ लाख बराबरको आयव्ययको बजेट बुधबार यहाँ सार्वजनिक गरेको छ ।

नगरसभाको १८औं अधिवेशनको कार्यसूचीअनुसार महानगर प्रमुख एवं नगरसभाका अध्यक्ष नागेश कोइरालाले उपप्रमुख शिल्पा निराला कार्कीलाई सो बजेट सार्वजनिक गर्न अनुमति दिनुभएको हो । सार्वजनिक भएको बजेटमा सङ्घीय सरकार वित्तीय समानीकरण अनुदान रु ३३ करोड ४३ लाख, सशर्त अनुदान चालुतर्फ रु ७३ करोड २९ लाख र सशर्त अनुदान पुँजीगततर्फ रु ५६ लाख गरी सङ्घीय सरकारबाट रु एक अर्ब सात करोड २८ लाख अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट आय हुने अनुमान गरिएको छ ।

प्रदेश सरकार समानीकरण अनुदान रु तीन करोड ६२ लाख ५० हजार, सशर्त अनुमोदन प्रदेश सरकार चालुतर्फ रु चार करोड एक लाख २४ हजार तथा सशर्त अनुदान पुँजीगततर्फ रु ६ करोड ६३ लाख गरी प्रदेश सरकारबाट जम्मा रु १४ करोड २६ लाख ७४ हजार आय हुने अनुमान गरिएको छ । बाँडफाँटबाट प्राप्त हुने राजस्वमध्ये सवारीसाधन करबापत रु तीन करोड आठ लाख, मनोरञ्जन कर रु ४० लाख, विज्ञापन कर रु ६० लाख, घरजग्गा रजिष्ट्रेशन दस्तुर रु ६७ करोड ९५ लाख ७९, हजार, मूल्यअभिवृद्धि करबाट रु १५ करोड ३९ लाख २८ हजार, अन्तःशुल्क बापत रु पाँच करोड १३ लाख नौ हजार गरी कूल रु ९२ करोड ५६ लाख १८ हजार राजस्व बाँडफाँटबाट आय हुने अनुमान गरिएको छ ।

आन्तरिक आयतर्फ रु एक अर्ब २७ करोड २० लाख आठ हजार, विभिन्न सङ्घसंस्था अनुदानबापत रु एक करोड १६ लाख र बैंक मौज्दातबापत रु १४ करोड गरी कूल रु तीन अर्ब ५६ करोड ४७ लाख आय हुने बजेटमा उल्लेख छ ।

बजेटमा आव २०८३/८४ को अनुमानित क्षेत्रगत व्ययतर्फ सामाजिक विकासमा शिक्षातर्फ रु १० करोड नौ लाख २८ हजार, स्वास्थ्यतर्फ रु सात करोड तीन लाख ९० हजार, महिला विकासमा रु ६६ लाख, बालबालिकामा रु ४८ लाख ६० हजार, अपाङ्गतामा रु ५७ लाख, ज्येष्ठ नागरिकतर्फ रु १६ लाख, लैङ्गिक हिंसा निवारणतर्फ रु ४२ लाख ७५ हजार, खानेपानी तथा सरसफाइमा रु १६ लाख, सामुदायिक विकास कार्यक्रममा रु ५९ लाख ३६ हजार, सङ्घसंस्था अनुदान रु ६ करोड ३१ लाख ७० हजार गरी सामाजिक विकासतर्फ कूल रु २६ करोड ५० लाख ५९ हजार व्यय हुने अनुमान गरिएको छ ।

यस्तै, आर्थिक विकासतर्फ कृषि विकास रु ४६ लाख ५० हजार, पशुपन्छी तथा भेटनरीतर्फ रु एक करोड ४२ लाख ५० हजार, सहकारीतर्फ रु ११ लाख ५० हजार, उद्यमशीलता विकासमा रु ६४ लाख, उपभोक्ता हित संरक्षणमा रु आठ लाख, रोजगार प्रवर्द्धनमा रु २१ लाख ४७ हजार, पर्यटन प्रवर्द्धनमा रु १२ लाख, सार्वजनिक निजी साझेदारीमा रु १० लाख, सुरक्षित आप्रवासनमा रु १० लाख ४० हजार गरी आर्थिक विकासतर्फ रु तीन करोड २६ लाख ३७ हजार व्यय हुने बजेटमा अनुमान गरिएको छ । पूर्वाधार विकासतर्फ म्याचिङ फण्डका लागि रु एक करोड, वडास्तरीय योजनातर्फ रु ४३ करोड ५६ लाख ३२ हजार, सहरी विकास घर नक्सा इजाजत रु ४० लाख, भूउपयोग आवास तथा बस्ती विकास कार्यक्रममा रु २३ लाख, बहुवर्षीय तथा गैरवका आयोजनामा रु १५ करोड, बहुवर्षीय ठेक्का तथा दायित्व सरी आएका योजनामा रु २५ करोड, नगरस्तरीय योजना तथा कार्यक्रमका लागि रु ६० करोड, विद्युत्तर्फ रु एक करोड, सडक बोर्डबाट सञ्चालित योजनतर्फ रु एक करोड गरी रु एक अर्ब ६० करोड ३९ लाख ३२ हजार पूर्वाधार विकासमा खर्च हुने उल्लेख छ । सुशासन तथा संस्थागत विकासमा राजस्व व्यवस्थापनतर्फ रु २४ लाख, कानुन तथा न्यायिकमा रु ४७ लाख, नगर प्रहरी तथा ट्राफिक व्यवस्थापनमा रु ३२ लाख ८० हजार, सूचना तथा सञ्चारमा रु ४८ लाख, सूचना प्रविधिमा रु ६६ लाख ८० हजार, सुशासन तथा सेवाप्रवाहमा रु ४० लाख ५० हजार, सामाजिक सुरक्षा तथा पञ्जीकरणमा रु ३४ लाख गरी सुशासन तथा संस्थागत विकासमा कूल रु दुई करोड ९३ लाख १० व्यय हुने बताइएको छ ।

यस्तै, वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ फोहरमैला व्यवस्थापनमा रु एक करोड २८ लाख, विपद् व्यवस्थापनमा रु ९६ लाख, वन, वातावरण तथा हरियाली प्रवर्द्धनमा रु ३५ लाख ६० हजार गरी यस क्षेत्रमा कूल रु दुई करोड ५९ लाख ६० हजार व्यय हुने अनुमान गरिएको छ ।

## प्रतिनिधिसभा निर्वाचन : जित्नेले भन्दा हार्ने उम्मेदवारको बढी

काठमाडौँ । निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारको प्रचार खर्चसम्बन्धी अध्ययन प्रतिवेदन बुधबार सार्वजनिक गरेको छ । प्रतिवेदनले जित्नेले भन्दा हार्ने उम्मेदवारले बढी खर्च गरेको पाइएको जनाएको छ ।

सो संस्थाले मुलुकभरका १६५ क्षेत्रमध्ये छानिएका १० निर्वाचन क्षेत्रका तीन हजार ४०६ उम्मेदवारमध्ये १४४ नमुना उम्मेदवारको खर्चको विश्लेषण गरेको हो । इओसी नेपालका अध्यक्ष श्रीकृष्ण सुवेदीका अनुसार विजयी उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा औसत रु ८८ लाख र उपविजेताले त्यसको लगभग तीन गुणा बढी, औसत रु दुई करोड ८३ लाख खर्च गरेका पाइएको छ । निर्वाचन खर्चको करिब ६७ प्रतिशत रकम पराजित उम्मेदवारले खर्च गरेका छन् ।

नतिजाले स्रोत व्यवस्थापनमा गम्भीर असन्तुलन रहेको देखाएको छ । निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचन प्रणालीका उम्मेदवारका लागि रु २५ देखि ३३ लाखसम्म खर्चको सीमा तोकेकोमा, औसतमा उम्मेदवारले रु ७२ लाख अर्थात् कानुनी सीमाभन्दा ११८ प्रतिशत बढी खर्च गरेको पाइएको छ ।

"उम्मेदवारले खर्च देखिने ब्यानर, र्‍याली, कोणसभा, भोजभतेर आदिको साटो नदेखिने च्यानल (अदृश्य तर प्रभावशाली सूचना तथा सञ्चार प्रणाली, डिजिटल प्रचार, सामाजिक सञ्जाल, अनौपचारिक परिचालन) तर्फ सरेको देखियो । जसले अनुगमनलाई थप कठिन बनाउँछ र बनाएको देखियो । मिथ्या सूचना, दुष्प्रचार, चरित्रहत्याजस्ता प्रणालीगत दुष्प्रचार तथा प्रयोग रोकथाम तथा नियन्त्रणमा आवश्यक कानुनी प्रबन्धको अभाव देखियो", प्रतिवेदनमा भनिएको छ । कूल खर्चको ८२ प्रतिशत प्रचार अभियान अवधिमा भएको र चार प्रतिशत खर्च निर्वाचनको दिन (प्रचार निषेधको अवधि)मै भएको देखिएको प्रतिवेदनले जनाएको छ । उम्मेदवारको आम्दानीको स्रोत सार्वजनिक र अनिवार्यरूपमा खुलासा गरिनुपपर्ने, डिजिटल माध्यमबाट हुने आचारसंहिता उल्लङ्घन पत्ता लगाउन प्रविधिमैत्री अनुगमन प्रणाली विकास गरिनुपर्ने, खर्च विवरण पेस गर्ने हालको प्रक्रियाको सट्टा निर्वाचन आयोगले सक्रिय अनुगमन टोली परिचालन गरी आचारसंहिता उल्लङ्घनकर्तालाई तत्काल कारबाही गर्ने व्यवस्था मिलाउनुपर्ने सुझावहरू दिइएको इओसीका अध्यक्ष सुवेदीले बताउनुभयो ।

## हरेक व्यवसाय मानव अधिकारमैत्री हुनुपर्ने

काठमाडौँ । सर्वोच्च अदालत न्यायाधीश हरिप्रसाद फुयाँलले हरेक व्यवसाय मानव अधिकारमैत्री तवरले सञ्चालन गर्नुपर्ने बताउनुभएको छ । राष्ट्रिय मानव अधिकार आयोगले आज आयोजना गरेको 'व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय संवाद' मा उहाँले व्यवसाय गर्दा उत्पन्न हुने मानव अधिकार जोखिमप्रति जिम्मेवारी सञ्चालकले लिनुपर्ने बताउनुभयो ।

"नियामक निकायले निष्पक्ष र सक्षम अनुगमन गर्नुपर्छ, प्रभावित व्यक्ति वा समुदायले आफ्नो कुरा राखे र उपचार पाउने वास्तविक अवसर पाउनुपर्छ", उहाँले भन्नुभयो, "अधिकार प्रभावित भएमा न्यायपालिका स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रूपमा संवैधानिक संरक्षणको आधार बन्नुपर्छ ।" न्यायाधीश फुयाँलले व्यापार व्यवसाय र मानव अधिकारको मूल प्रश्न आर्थिक गतिविधि आयक कि छैन भन्ने नभई आर्थिक गतिविधि संविधान, मानव गरिमा, सामाजिक न्याय, वातावरणीय दायित्व र विधिको शासनसँग कसरी मेल खान्छ विषयलाई ध्यानमा राख्नुपर्ने भनाइ राख्नुभयो । "विकास, मानव जीवन, अन्य प्रजाति, वातावरण र पर्यावरणप्रति राज्य र निजी क्षेत्रको दायित्व स्थापित गर्नु हो, उद्योग, व्यवसाय, व्यापार यी दायित्वबाट निरपेक्ष छैन", उहाँले थप्नुभयो, "नाफा उत्तरदायित्व र जिम्मेवारी बेगर अब सम्भव छैन, यस प्रयोजनका लागि राज्यले प्रभावकारी संरक्षणकारी संरचना निर्माण गर्नुपर्छ ।"

न्यायाधीश फुयाँलले न्यायको खोज अदालतको ढोकामा मात्र सुरु हुनु नहुने भन्दै न्याय व्यावसायिक निर्णयमा, कार्यस्थलको व्यवहारमा, उपभोक्तासँगको सम्बन्धमा, परियोजनाको प्रारम्भिक अध्ययनमा, वातावरणीय मूल्याङ्कनमा, समुदायसँगको संवादमा र राज्यको नियामकीय अभ्यासमा सुरुदेखि नै उपस्थित हुनुपर्नेमा जोड दिनुभयो ।

"विकासको आर्थिक विकास, लगानी प्रवर्द्धन, उद्यमशीलता र उत्पादनशीलता राज्यको समृद्धिका अपरिहार्य आधार हुन्, हामी विकासलाई प्रायः देखिनसक्ने भौतिक उपलब्धिसँग जोड्छौँ", उहाँले जोड्नुभयो, "बनेका सडक, उठेका भवन, बगेको बिजुली, खुलेका उद्योग, बढ्दो लगानी र सिर्जना भएका रोजगारीबाट मापन गर्ने गर्छौं, यी सबै विकासका महत्त्वपूर्ण सूचकहरू हुन्, तर विकासको वास्तविक मूल्याङ्कन केवल लगानीको आकार, उत्पादनको परिणाम, निर्यातको तथ्याङ्क वा पूर्वाधारको विस्तारबाट हुन सक्दैन ।" उहाँले विकासको मानवीय आयाम पनि उत्तिकै महत्त्वपूर्ण भएको र मानवीय आयाम दिनहुँ उद्योग व्यवसायमा श्रम गर्ने श्रमिक र उसका श्रम अधिकारसँग जोडिएको हुने धारणा राख्नुभयो । "यो बजारबाट दैनिक उपभोगका वस्तु वा सेवा खरिद गर्ने उपभोक्ताको हितसँग जोडिएको हुन्छ, त्यो नदी किनार, वनक्षेत्र वा आयोजना प्रभावित भूगोलमा बस्ने परिवारको हकअधिकारसँग जोडिएको हुन्छ", उहाँले भन्नुभयो, "आर्थिक विकासलाई मानव अधिकार, वातावरण र सामाजिक न्यायसँग एकीकृत रूपमा अघि बढाउनुपर्ने मान्यता स्थापित गरेको छ ।"

न्यायाधीश फुयाँलले आर्थिक उपलब्धि र मानव गरिमाबीच सन्तुलन कायम गर्न नसक्ने विकास दिगो हुन नसक्ने भन्दै सामाजिक स्वीकृति, विधिको शासन र न्यायपूर्ण वितरणबाट अलग भएको आर्थिक प्रगति अन्ततः विवाद, अविश्वास र असमानताका कारण बन्नसक्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले व्यवसाय सञ्चालन गर्दा नागरिकको हकअधिकारको रक्षा गर्नुका साथै बाँच्न पाउने अधिकारको रक्षा गर्नुपर्ने बताउनुभयो । उहाँले व्यवसाय सञ्चालन गर्दा मानव अधिकारको पाटोलाई मुख्य रूपमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा दीपक काफ्लेले व्यवसायलाई मानव अधिकारमैत्री बनाउन सुरक्षित कार्यस्थल, सामान ज्याला, सम्मान र सामाजिक सुरक्षाजस्ता विषयलाई ध्यान दिनुपर्ने बताउनुभयो । सरकारले वैदेशिक रोजगारी गएकालाई मर्यादित ज्याला, सम्मानपूर्वक बाँच्न पाउने वातावरण सिर्जना गरेको र अप्ठ्यारोमा परेकालाई उद्धार गर्ने गरेको बताउनुभयो ।

सचिव काफ्लेले सरकारले छिट्टै राष्ट्रिय युवा ऐन ल्याउन लागेको जानकारी दिँदै उहाँले सरोकारवाला सबैसँग छलफल गरेर त्यसलाई निष्कर्षमा पुऱ्याउने भनाइ राख्नुभयो । राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले व्यवसाय र मानव अधिकारसम्बन्धी कार्ययोजनाका विषयमा सङ्घ, प्रदेश र ७५३ स्थानीय तहबाट आयोगले अनुमगन गरी प्रतिवेदन लिइरहेको र सरोकारवाला पक्षसँग पनि छलफल गर्ने जानकारी दिनुभयो ।

## ज्येष्ठ नागरिकको आँखाको शल्यक्रिया

दमौली । व्यास नगरपालिकाका १३ जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको छ ।

मोतियाबिन्दु रोगका कारण समस्यामा परेका १३ जना ज्येष्ठ नागरिकको आँखाको मङ्गलबार हिमालय आँखा अस्पताल, घारीपाटन पोखरामा शल्यक्रिया गरिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो ।

शल्यक्रियापछि ज्येष्ठ नागरिकले पुनःस्पष्ट रूपमा देख्न पाएको भन्दै खुसी व्यक्त गरेका छन् । उहाँहरूले उपचारका लागि आवश्यक समन्वय, व्यवस्थापन तथा सहयोग गरेकामा व्यास नगरपालिकाप्रति आभार व्यक्त गर्नुभएको छ ।

नागरिकको स्वास्थ्य संरक्षणलाई प्राथमिकतामा राखेर नगरपालिकाले विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । व्यास नगरपालिकाले जलेश्वर ज्येष्ठ नागरिक सेवा केन्द्र व्यास-१ को सहकार्यमा सञ्चालन गरेको आँखा परीक्षण शिविरबाट मोतियाबिन्दु पहिचान भएका ज्येष्ठ नागरिकलाई शल्यक्रियाका लागि आवश्यक सम्पूर्ण व्यवस्थापन तथा सहजीकरण गरेको थियो ।

## राजधानीका टोलटोलमा फिल्म महोत्सव

काठमाडौँ । काठमाडौँमा यतिबेला 'टोलटोलमा फिल्म' महोत्सव सुरु भएको छ । आसर ५ गतेदेखि सुरु भएको महोत्सव २६ गतेसम्म जारी रहनेछ ।

काठमाडौँ महानगरपालिकाले काठमाडौँ फिल्म फेस्टिभल (केएफएफ) अन्तर्गत उक्त महोत्सव सुरु गरेको हो । खुलामञ्च, असन, सुन्धारा परिसर, बागबजार, मैतीदेवी मन्दिर, खुला चौर, बालाजु बाइपास, लगनटोल र कीर्तिपुर महाविहारमा महोत्सव सुरु भएको छ ।

महोत्सव चलचित्र विकास बोर्ड, ब्रिटिस काउन्सिल, नेपाल फिल्म एकेडेमी र युनेस्कोको सहकार्यमा भएको हो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com